सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री हरि प्रसाद फुयाल

**आदेश**

०७६-WO-०९४७

मुद्दाः- उत्प्रेषणसमेत।

डा. शितलकाजी श्रेष्ठ------------------------------------------------------------- निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत------------------------------------ विपक्षी

यसमा, निवेदकको तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ता श्री रविनारायण खनाल, विद्वान अधिवक्ता श्री मुकुन्द अधिकारी, विद्वान अधिवक्ता श्री टिकाराम भट्टराई, विद्वान अधिवक्ता श्री अमर राउत, विद्वान अधिवक्ता श्री महेश्वर श्रेष्ठ, विद्वान अधिवक्ता श्री सन्तोष भण्डारी, विद्वान अधिवक्ता श्री कमल कोईराला र विद्वान अधिवक्ता श्री लक्ष्मी (नानी) थापाले प्रस्तुत रिटमा अन्तरिम आदेश जारी होस् भनी गर्नुभएको बहस तथा विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान नायव महान्यायाधिवक्ता श्री पदम पाण्डेले कार्यपालिकाले सो सम्बन्धी कार्य गरिरहेकोले रिट र अन्तरिम आदेशको औचित्य नरहेको भनी गर्नुभएको बहससमेत सुनियो।

आज अन्तरिम आदेश छलफलका लागि बोलाईएको प्रस्तुत निवेदनमा पशु अधिकारका लागि भेटेरीनरी सेवालाई पनि आवश्यक सेवामा समावेश गर्नु भनी विपक्षीहरूका नाउँमा परमादेश लगायतको आदेश जारी गरिपाउँ भन्ने निवेदन जिकिर र नेपाल सरकारले पशु सेवालाई आवश्यक सेवामा समावेश गर्नका लागि गृहकार्य गरिरहेको हुँदा आदेश जारी गरिरहनु पर्दैन भन्ने विपक्षीहरुको लिखित जवाफ रहेको सन्दर्भमा अन्तरिम आदेश जारी गर्नुपर्ने नपर्ने विषयमा आदेश गर्नुपर्ने भयो ।

आवश्यक सेवा संचालन ऐन, २०१४ को दफा २ को खण्ड (क) मा आवश्यक सेवाहरु तोकिएको भएपनि भेटेरिनरी सेवा आवश्यक सेवामा समावेश भएको देखिएन् भने सोही ऐन र दफाको खण्ड (क) कै उपखण्ड (७) मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अन्य सेवालाई पनि आवश्यक सेवा अन्तरगत राख्नसक्ने कानूनी व्यवस्था भएको पाईयो ।

आज विश्व समुदाय नै COVID-19 को महामारीले आक्रान्त भईरहेको अवस्थामा नेपाल पनि बन्दाबन्दी (Lockdown) को अवस्थामा अछुतो रहन सकेको अवस्था छैन भने नेपाल कानून अनुसार आवश्यक सेवामा नसमेटिएको भेटेरीनरी सेवालाई बन्दाबन्दीले गम्भीर रुपमा असर गरी पशु स्वास्थ्य तथा पशु सेवामा नकारात्मक प्रभाव परिरहेको देखिन्छ । परिणामतः, World

Organization for Animal Health तथा नेपाल सरकारले अनुमोदन गरेको पशु कल्याण निर्देशिव २०७३ मा उल्लिखित ५ वटा सिद्धान्तहरुमध्ये रोग र पीडाबाट मुक्ति (Freedom from pa and desease) को सुनिश्चितता गर्न नसकिएको तथा पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ ले पौष्टिक भोजन तथा स्वास्थ्यको दृष्टिकोणबाट पनि पशुपालन व्यवसायलाई हेर्नुपर्ने कानूनी दायित्वव पनि परिपालना हुन नसक्ने अवस्था सृजना भएको देखिन्छ ।

यसै सन्दर्भमा, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको लिखित जबाफमा नै मि २०७७/०१०/२८ गते मन्त्रिस्तरीय निर्णय गरी भेटेरीनरी सेवालाई आवश्यक सेवामा समावे गर्नका लागि गृह मंत्रालयमा पत्र पठाईसकिएको भनिए तापनि हालसम्म आवश्यक सेवाको सूची भेटेरीनरी सेवालाई समावेश गरेको नदेखिएकोले बन्दाबन्दीको समयमा पनि पशु स्वास्थ प्रयोगशालाको संचालनको लागि भेटेरीनरी सेवालाई आवश्यक सेवाको सूचीमा राख्न आवश्यव व्यवस्था तत्काले मिलाउनु भनी विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी हुने ठहर्छ । यो आदे कार्यान्वयनकालागि महान्यायाधिवक्ताको कार्यालयमार्फत अन्तरिम आदेशको जानका विपक्षीहरुलाई दिनू ।

न्यायाधीश

न्यायाधीश

इति सम्वत् २०७७ साल जेष्ठ ०८ गते रोज ०५ शुभम्-------------------------------